लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**

फोन नं ०७९-५२०-११२
मो.नं. ९८५७०८६६५४

प.सं.: २०८२।०८३
च.नं.: ७३९

मितिः २०८२।०५।२०
ने.सं. ११४५ चलाथ्व १३ शुक्रबार

**विषयः सूचना टाँस गरी सोको जानकारी दिनुहुन ।**

श्री जिल्लास्थित स्थानीय तह , सबै
गुल्मी ।

प्रस्तुत बिषयमा यस कार्यालयबाट मिति २०८२/०५/२० मा दोस्रो पटक प्रकाशन भएका सूचनाहरुको छाँयाप्रति यसै पत्रसाथ संलग्न राखि पठाइएको छ । उक्त सूचना तहाँ कार्यालयको वेबसाइट/सूचना पाटीमा टाँस गरि सोको जानकारी यस कार्यालयमा दिनुहुन अनुरोध छ । साथै तहाँका वडा कार्यालयहरुमा समेत सूचना टाँस्ने व्यवस्था मिलाइदिनुहुन अनुरोध छ ।

अधिकृत

दर्ता नं २९०
मिति २०८२।०५।२२

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
गुल्मी, नेपाल
फोन नं ०७९-५२०११२
९८५७०८६६५४

# नि:शुल्क तालिम सञ्चालन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित सूचना मिति २०८२।०५।२०

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित विभिन्न सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन गरिने हुँदा तालिम लिन इच्छुक उद्यमी तथा व्यक्तिहरुले यस कार्यालयमा उपस्थित भइ वा यस कार्यालयको इमेल ठेगाना csidbgulmi@gmail.com मार्फत यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आवेदन पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपसिल:

| क.स. | आयोजना तथा कार्यक्रमको नाम |
|---|---|
| 1 | Travel Agent तालिम ३९० घण्टे सीप परीक्षण समेत |
| 2 | General Cook तालिम ३९० घण्टे सीप परीक्षण समेत |

**प्रशिक्षार्थीको योग्यता, संख्या र छनौट तथा आवश्यक कागजात:**

- ✓ १८ वर्ष उमेर पुरा भएको नेपाली नागरिक हुनुपर्ने । नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नुपर्ने ।
- ✓ लुम्बिनी प्रदेशभित्र स्थायी रुपमा बसोबास गरेको हुनुपर्ने ।
- ✓ प्रशिक्षार्थीले तालिममा सहभागिता जनाउन कार्यालयसमक्ष दिने निवेदनसाथ उक्त तालिम पश्चात निजले प्राप्त गर्ने सीप उपयोगको लागि व्यावसायिक योजना समेत पेश गर्नु पर्ने छ ।
- ✓ क.सं. १ को तालिमको हकमा कम्तीमा कक्षा १२ उत्तीर्ण भएको तथा अंग्रेजी र हिन्दी भाषाको सामान्य ज्ञान भएको हुनुपर्ने ।
- ✓ क.सं. २ को तालिमको हकमा होटल व्यवसाय गरेको वा सो सम्वन्धी आधारभूत ज्ञान भएकोलाइ विशेष प्राथमिकता दिइने छ।
- ✓ क.सं. ३ को तालिमको हकमा कम्तीमा कक्षा १२ उत्तीर्ण भएको हुनुपर्ने।
- ✓ तालिमको लागि स्थानीय तहको सिफारिस पेश गर्नुपर्ने।
- ✓ आवश्यक संख्या भन्दा बढि आवेदन पेश भएमा यस कार्यालयले निर्धारण गरेको मापदण्ड बमोजिम प्रशिक्षार्थी छनोट गरिनेछ।

**पुनश्च:** - तालिम सञ्चालन हुने स्थान र सञ्चालनको मिति पछि प्रकाशन गरिनेछ ।
- अन्य प्रावधान स्वीकृत कार्यविधि अनुसार हुनेछ ।

- प्रशिक्षार्थी आवेदन फाराम यसै सूचनासाथ संलग्न गरिएको छ साथै कार्यालयको website: https://csiogulmi.lumbini.gov.np/ बाट समेत उक्त फाराम प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ । थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०७९-५२०११२ तथा ९८५७०८६६५४, ९८५७०८६४५४ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

राजीव अधिकारी
अधिकृत

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
गुल्मी, नेपाल

फोन नं ०७९-५२०११२
९८५७०८६६५४

## प्रशिक्षक सूचीकृत हुने सम्बन्धी अत्यन्त जरुरी सूचना

दोस्रो पटक प्रकाशित सूचना मिति २०८२।०५।२०

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित विभिन्न सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन गर्नुपर्ने भएकोले तपसिल बमोजिमका योग्यता पुगेका प्रशिक्षक तथा सहायक प्रशिक्षकले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आवश्यक कागजात सहित कार्यालयमा सूचीकृत हुन अनुरोध छ ।

तपसिल:

| सि.नं. | सीपमूलक तथा व्यावसायिक तालिम |
|---|---|
| १ | खुदोबाट चकलेट बनाउने तालिम |
| २ | आधारभुत मन्टेश्वरी तालिम (३९० घण्टे सीप परीक्षण) |
| ३ | General cook तालिम (३९० घण्टे सीप परीक्षण) |
| ४ | Travel Agent तालिम (३९० घण्टे सीप परीक्षण) |
| ५ | भिडियोग्राफी, भिडियो मिक्सिङ्ग, सम्पादन र फोटोग्राफि तालिम |

### प्रशिक्षक तथा सहायक प्रशिक्षकको लागि शैक्षिक योग्यता, तालिम वा अनुभव :

१. मुख्य प्रशिक्षक: मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उपाधि प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तीमा ३ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह-२ उत्तीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको ।

२. सहायक प्रशिक्षक: मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह/ डिप्लोमा तह उत्तीर्ण गरी शिक्षण प्रशिक्षण तालिम लिएको वा प्राविधिक एस.एल.सी. वा सीप तह-१ उत्तीर्ण गरी २ वर्षको कार्य अनुभव भएको ।

३. निवेदनसाथ शैक्षिक योग्यता तथा पेशागत तालिमका प्रमाणपत्रहरु, अनुभवका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र २ प्रति फोटो समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

पुनश्च:

- ✓ यहाँ उल्लेख भएका बाहेक अन्य विषयमा तालिम प्राप्त गरेका व्यक्तिहरुले समेत आफूले सञ्चालन गर्न सक्ने तालिम उल्लेख गरी दरखास्त दिन सक्नेछन् । परम्परागत प्रकृतिको तालिमको हकमा कम्तिमा ३ वटा सोहि विषयको तालिममा प्रशिक्षण गरेको प्रमाणित हुने कागजात संलग्न गर्नुपर्नेछ ।
- ✓ प्रशिक्षक सूचीकृत फाराम यसै सूचनाको साथ संलग्न गरिएको छ साथै कार्यालयको website: https://csiogulmi.lumbini.gov.np बाट समेत उक्त फाराम प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।
- ✓ यसै सूचना अनुसार रोष्टरमा नाम समावेश गरी न्यूनतम भन्दा माथिल्लो योग्यता भएको अनुभवी प्रशिक्षकलाई प्राथमिकता दिइनेछ । कुनै एक विषयमा आवश्यकता भन्दा बढी व्यक्तिहरुको दरखास्त पर्न आएमा निवेदनसाथ पेश भएका प्रमाणहरुका आधारबाट निर्धारित रोष्टरको योग्यता क्रम वा अन्तरवार्ता द्धारा प्रशिक्षक छनौट गरिनेछ ।
- ✓ प्रशिक्षार्थीको माग अनुसारको विषयको तालिमको लागि प्रशिक्षक सूचिकृत हुन नआएमा समेत कार्यालयले अन्य व्यवस्था मार्फत प्रशिक्षक छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
- थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०७९-५२०११२ तथा ९८५७०८६६५४, ९८५७०८६४५४ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

राजीव अर्याल
अधिकृत

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
गुल्मी, नेपाल
फोन नं ०७९-५२०११२
९८५७०८६६५४

## वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुको सीप परीक्षण सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित सूचना मिति २०८२।०५।२०

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको सीप परीक्षण कार्यक्रम अन्तरगत वैदेशिक रोजगारीको क्रममा सिकेको सीपलाई स्वदेशमा फर्किएपछि उपयोग गरी उद्यमशील र स्वावलम्वी बन्न चाहने व्यक्तिहरुले राष्ट्रिय सीप परीक्षण बोर्डमार्फत सीप परीक्षण गरी प्रमाणपत्र दिने व्यवस्था रहेकोले तपसिल बमोजिमका कागजात सहित यस कार्यालयमा उपस्थित भइ वा यस कार्यालयको इमेल ठेगाना csidbgulmi@gmail.com मार्फत यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आवेदन पेश गर्नुहुन यसै सूचना मार्फत जानकारीको लागि अनुरोध छ ।

कार्यक्रमको नाम:

- स्वीकृत कार्यविधिका आधारमा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको सीप परीक्षण कार्यक्रम

सीप परीक्षणको लागि पेश गर्नुपर्ने कागजातः

- ✓ नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी – १ थान,
- ✓ विदेशमा रहँदा हासिल गरेको सीप सम्वन्धी भएका प्रमाणपत्र, सो नभएमा आफूसँग भएको सीपको स्वघोषणा-१ थान
- ✓ सीप परीक्षणमा लाग्ने शुल्कमा साझेदारी गर्न इच्छुक रहेको घोषणा,
- ✓ राहदानी प्रमाणपत्रको छायाँकपी – १ थान,
- ✓ विदेशमा उक्त सीप सम्वन्धी कार्य गरेको अनुभव खुल्ने कागजात,
- ✓ ३ प्रति पासपोर्ट साइजको फोटो र १ प्रति अटो साइजको फोटो ।

सीप परीक्षण हुने क्षेत्रः

- ✓ सुरक्षा सेवा क्षेत्र
- ✓ सहजकारी सेवाः सबै प्रकारका सरसफाई, फोहोर व्यवस्थापन, बगैचा व्यवस्थापन, कृषि तथा कृषिजन्य उद्योग, होटल क्षेत्र, क्याटरिङ सेवा, सेल्स तथा सप्लाई सेवा, पर्यटन सेवा, व्यवसाय र उर्जा क्षेत्र ।
- ✓ व्यवसाय सहयोग सेवा क्षेत्रः चालक र परिचालक, सामानको भण्डारण मर्मत सम्भार, प्राविधिक तथा परामर्श, प्लम्बर, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी लगायत निर्माण कार्यमा संलग्न कार्य, विभिन्न मेशिन सञ्चालन तथा अपरेटिङ सेवा लगायत विभिन्न प्रकारका उद्योग सञ्चालन ।

पुनश्चः

- ✓ सीप परीक्षण गर्दा नेपाल सीप परीक्षण बोर्डबाट प्रतिव्यक्ति लाग्ने खर्चको लागतका आधारमा कार्यालयबाट कूल लागतको ८०% र सम्वन्धित व्यक्तिले २०% खर्च व्यहोर्ने गरी सीप परीक्षणको व्यवस्था मिलाइनेछ ।
- ✓ सीप परीक्षणको मिति तथा स्थान पछि प्रकाशन गरिनेछ ।
- ✓ प्रशिक्षार्थी आवेदन फाराम यसै सूचनासाथ संलग्न गरिएको छ साथै कार्यालयको website: https://csiogulmi.lumbini.gov.np/ बाट समेत उक्त फाराम प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।
- थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०७९-५२०११२ तथा ९८५७०८६६५४, ९८५७०८६४५४ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

राजीव अर्याल
अधिकृत